# उपाध्यक्ष आमा सुरक्षा/गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा

# कार्यक्रम कार्यबिधि २०७६

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा,पाल्पा

# विषय सुचि

१) उपाध्यक्ष आमा सुरक्षा/गर्भवती लाई अण्डा र हरियो झण्डा कार्यक्रम परिचय

२) परिच्छेद १ : प्रारम्भिक

३) परिच्छेद २ : उपाध्यक्ष आमा सुरक्षा/ गर्भवती लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम

४) परिच्छेद ३ : अनुगमन तथा सुपरभिजन

५) परिच्छेद ४ : अभिलेख तथा प्रतिबेदन

६) परिच्छेद ५ : अनुसूचीहरु

# उपाध्यक्ष आमा सुरक्षा/गर्भवती लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम

माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

परिचय :

नेपालको संबिधान २०७२ ले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरेको छ।"हाम्रो माथागढी हाम्रो शान, समृद्द माथागढी हाम्रो पहिचान" भन्ने नारा सहित माथागढी गाउँपालिकाले माथागढीका जनताको स्वास्थ्यलाई ध्यान दिई उपाध्यक्ष आमा सुरक्षा/गर्भवती महिला लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम ल्याएको छ। आमा सुरक्षा कार्यक्रम प्राथमिकता प्राप्त कार्यक्रम भएता पनि गर्भवती महिलाहरु समयमा गर्भ जचाउन आउने,नियमानुसार ४ पटक गर्भ जांच गराउने,संस्थामा सुत्केरीहुने,गर्भावस्था र सुत्केरी अवस्थामा सरसफाईमा ध्यान दिने,पोषणयूक्त खानेकुराहरु खाने र आराम गर्ने जस्ता आधारभुत व्यवहार अवलम्बन गर्ने परिपाटि कम रहेको र ति कार्य प्रति स्वयं,घरपरिवार र समुदायले पनि खासै ध्यान दिन नसकेको कारण यी सबैकुराहरुको पुरकको रुपमा यस कार्यक्रमलाई लिईएको छ ।

गर्भवतीको घरमा हरियो झण्डा पश्चात समुदायले पनि उक्त घरमा गर्भवती भएको सुनिश्चित गरि नियमित गर्भ जांच,संस्था बाट पाईने सेवा,सुविधा,संस्था सुत्केरीको लागि तयारी भए नभएको आदी बारे परिवार र समुदाय पनि जागरुक हुने अपेक्षा गरिएको छ ।

माथागढी गाउँपालिकामा उपाध्यक्ष आमा सुरक्षा /गर्भवती लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम अन्तर्गत गर्भवती महिलाको नियमित स्वास्थ्य परिक्षण तथा आईरन चक्की,जुकाको औषधी र टि.डी.सुईको प्रयोग तथा पूर्ण संस्थागत सुत्केरी हुने प्रचलन लाई बढाउदै तथा दैनिक स्थानिय स्तरमा पाइने पोषणयुक्त खानपानमा समेत बढावा गर्दै पोषण स्वास्थ्यमा सुधार तथा संस्थागत सुत्केरी बढाउनको लागि यो कार्यक्रम प्राथमिकताका साथ संचालन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद १

प्रारम्भिक :

१,संक्षिप्त नाम : यो निर्देशिकाको नाम "उपाध्यक्ष आमा सुरक्षा/गर्भवती लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम" कार्यबिधि २०७६ रहने छ।

२, प्रारम्भ :

यो कार्यबिधि तत्काल प्रारम्भ हुनेछ।

३, परिभाषा :

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "उपाध्यक्ष आमा सुरक्षा/गर्भवती लाई अण्डा र घरमा हरियो झण्डा" कार्यक्रम भन्नाले माथागढी भित्रका स्वास्थ्य संस्था बाट प्रदान गरिने प्रोटोकल अनुसार गर्भवती जांच (गर्भवती भएको ४, ६, ८ र ९महिना) सो बेला प्रदान गरिने सेवालाई जनाउने छ।

ख) "सुत्केरी जांच" भन्नाले सुत्केरी भएको २४ घण्टा, ३ दिन र ७ दिनको जांचलाई जनाउनेछ।

ग) "गर्भवतीलाई हरियो झण्डा" भन्नाले गर्भवतीले आफ्नो घरमा फहराउने अनुसुची १ मा भए अनुसारको झण्डालाई जनाउनेछ।

घ) "सेवाग्राही" भन्नाले माथागढी भित्र बसोबास गर्ने,प्रोटोकल अनुसार गर्भजांच गरि नियमानुसार आईरन चक्की,जुकाको औषधी र टिडी सुई प्रयोग गरिरहेको गर्भवतीलाई जनाउनेछ।

ङ) "स्वास्थ्य संस्था"भन्नाले माथागढी भित्रका सरकारी स्वास्थ्य संस्था अस्पताल ,प्रा.स्वा.के,स्वा.चौकी र सामुदायिक स्वास्थ्य इकाई लाई जनाउनेछ।

च) "स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत प्राविधिक स्वास्थ्यकर्मीलाई जनाउनेछ।

छ)"ईकाइ मूल्य"भन्नाले गर्भवती लाई प्रदान गर्ने प्रोटोकल अनुसार जाँचमा प्रदान गर्ने रु.३५०/ रकम बराबरका अण्डाको मुल्यलाई सम्झनु पर्दछ।

ज) "सेवा"भन्नाले गर्भवती महिलालाई उपाध्यक्ष आमा सुरक्षा/गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रमबाट प्रदान गरिने अण्डा र झण्डालाई जनाउनेछ।

प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद २

उपाध्यक्ष आमा सुरक्षा/गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम :

४) गर्भवतीलाई अण्डा र हरियो झण्डा कार्यक्रममा गर्भवतीलाई प्रोटोकल अनुसार चौथौ महिना(१२ देखि १६ हप्ता),छैठौ महिना(२० देखि २४ हप्ता),आठौ महिना२८ देखि ३२ हप्ता) र नवौ महिना(३६ देखि ४० हप्ता)मा गर्भजाँचकोलागि आउँदा ३५०/ बराबरको अण्डा प्रदान गरिने छ ।

५) चौथो महिनाको गर्भजांचमा स्वा.संस्था बाट अनुसुचि १ अनुसारको हरियो झण्डा गर्भवतीलाई लाई दिईनेछ ।

६) हरियो झण्डा गर्भवती महिलाले घरको अग्लो भागमा फहराउनु पर्नेछ ।

७) गर्भवती महिलालाई हरेक पटक उपलब्ध गराएको रु.३५०।-बराबरको अण्डाको भरपाई अनुसुचि २ अनुसारको हुनु पर्ने छ।

८) गर्भवतीले आईरन चक्की,जुकाको औषधी खाएको र टिडी सुई लगाएको सुनिश्चित हुनुपर्ने छ ।

९) गर्भवती महिलाले सेवा प्राप्तीको लागि मातृ तथा नव शिशु सेवा कार्डको फोटोकपी पेश गर्नुपर्ने छ ।

१०) सम्बन्धित स्वास्थ्य संस्थाले अनुमानित गर्भवतीहरुको एकिन गरि पेश्कि रकमका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निबेदन दिई प्राप्त गर्न सकिनेछ । भुक्तानी पश्चात फरफारक गर्नुपर्ने छ ।

११) झण्डा गाउँपालिका बाट निर्माण गरि स्वास्थ्य संस्थालाई हस्तान्तरण गरिने छ ।

१२) झण्डा राखे नराखको बारे म.स्वा.स्वयं सेबिका तथा स्वास्थ्यकर्मी द्वारा अनुगमन गरिनेछ ।

१३) यो सेवा **माथागढी भित्रका सेवाग्राहीलाई मात्र प्रदान** गरिने छ ।

१४) माथागढी भित्रका सेवाग्राही लाई माथागढी भित्रका जुनसुकै स्वा.संस्थाले सेवा उपलब्ध गराउनु पर्नेछ ।

१५) सेवा प्रदानगरे पश्चात सेवा प्रदायकले मातृ तथा नवशिशु सेवा कार्डको कैफियतमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ३

## सुपरिवेक्षण तथा अनुगमन

१५) उपाध्यक्ष आमा सुरक्षा गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रमको अनुगमन सुपरिभिजन गाउँपालिकाद्धारा गरिने छ ।

## परिच्छेद ४

## अभिलेख तथा प्रतिबेदन

क) कार्यक्रमको अभिलेख HMIS ३.६ र अनुसुचि २ मा राखिनेछ ।

ख) प्रतिबेदन HMIS ९.३ र अनुसुचि ३ मा गरिने छ ।

ग) अनुसुचि २ र ३ दुई दुई प्रति भरि १ १ प्रति सम्बन्धित कार्यालयमा राखि १ १ प्रति गाउँपालिका कार्यालयमा पेश गरिनेछ ।

## अनुसुचिहरु

### अनुसुचि १

हरियो झण्डा : गर्भवतीको घरमा राख्ने झण्डा २४ इन्च × २४ इन्च हरियो कपडाको बिट सिलाई गरि झण्डाको बीच भागमा गर्भवतीको चित्र अंकित हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# अनुसुचि २,

संस्थामा अभिलेख राख्ने भरपाई रजिस्टर

मायागढी गाउँपालिको

....... स्वास्थ्य चौकी

वडा नं. पाल्पा

गर्भवतीलाई अण्डा र झण्डा वितरण गरेको भरपाई आ.व महिना..............

| सि .नं | गर्भवतीको नाम | श्रीमानको नाम | ठेगाना | अन्तिम महिना वारी मिति | जचाउन आएको मिति | प्रोटोकल अनुसारको जांच महिना | झण्डा दिएको मिति | अण्डा दिएको मिति | बुझिलिने को दस्तखत | मोबाईल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | अण्डा दिएको जना: ×दर ३५०= | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

तयार गर्ने      स्वास्थ्य संस्थाको छाप      स्वास्थ्य संस्था प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि ३

माथागढी गाउँपालिका

..........स्वास्थ्य चौकी

माथागढी गाउँपालिका वडा नं. ,पाल्पा

उपाध्यक्ष आमा सुरक्षा/गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा बितरणको मासिक प्रतिबेदन :

आ.व.: महिना :

| सि.नं. | कार्यक्रम | जना | दर | जम्मा रकम | जम्मा झण्डा बितरण संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अण्डा दिएको | | ३५०। | | – | |
| २ | झण्डा दिएको | | – | – | | |
| ३ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा : | | | | | |

तयार गर्ने

संस्थाको छाप

स्वा.चौकी प्रमुख

प्रमुख प्रशासकीय अधिकृत